# चन्दननाथ नगरपालिका, जुम्ला

# स्थानीय राज-पत्र

खण्ड : १ संख्या : १ मिति : २०७८/११/२३

## भाग - २

# चन्दननाथ नगरपालिका

खलङ्गा बजार, जुम्ला

कर्णाली प्रदेश, नेपाल ।

# चन्दननाथ नगरपालिकाको आर्थिक सहायता, चन्दा र उपहार उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८

<u>प्रमाणीकरण मिती</u>
<u>२०७८</u>

चन्दननाथ नगरपालिकाभित्रका **आर्थिक सहायता, चन्दा र उपहार उपलब्ध गराउने सम्बन्धी** कार्यलाई अनुमान योग्य र मितव्ययी बनाई आर्थिक सहायता उपलब्ध गराउने कार्यमा एकरुपता कायम गर्नको लागि मिति २०७८।० ।० गते बसेको नगर कार्यपालिकाको मिति २०७८। । । को सिफारिसको आधारमा चन्दननाथ नगरसभाको बैठकले देहाय बमोजिम चन्दननाथ नगरपालिकाको अशक्त, असहाय, दैवीप्रकोप पीडित, चन्दा र उपहारको लागि आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बनाई स्वीकृत गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम " चन्दननाथ नगरपालिकाको **आर्थिक सहायता, चन्दा र उपहार उपलब्ध गराउने सम्बन्धी कार्यविधि** २०७८ " रहेको छ .

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले चन्दननाथ नगरपालिका सम्झनु पर्दछ।

(ग) "सभा" भन्नाले चन्दननाथ नगरपालिकाको नगरसभा सम्झनु पर्दछ।

(घ) "नगर कार्यपालिका" भन्नाले चन्दननाथ नगर कार्यपालिका भन्ने सम्झनु पर्दछ।

(ङ) "प्रमुख" भन्नाले चन्दननाथ नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(च) " उप प्रमुख" भन्नाले चन्दननाथ नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चन्दननाथ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "लेखा प्रमुख" भन्नाले चन्दननाथ नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखलाई जनाइने

(ज) " आर्थिक सहायता" भन्नाले चन्दननाथ नगरपालिकाले उपलव्ध गराउने **आर्थिक सहायता, चन्दा र उपहार उपलब्ध गराउने सम्बन्धी कार्यविधि**मा उल्लेख भए बमोजिमको रकम उपलव्ध गराउने कार्यलाई सम्झनु पर्दछ।

(झ) "समिति" भन्नाले चन्दननाथ नगरपालिकामा **आर्थिक सहायता, चन्दा र उपहार उपलब्ध गराउने** उपलव्ध गराउने समितिलाई सम्झनु पर्दछ।

(ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

**३. अशक्त र असहाय लाई उपलब्ध गराउने आर्थिक सहायता :**

१) कुनै पनि व्यक्ति वा परिवार अशक्त वा असह्य भई आम्दानी गर्न नसक्ने भएको र निजलाई वा परिवारको कुनै सदस्यलाइ ं कडा रोग जस्तै मुटु रोग, क्यान्सर, मृगौला आदि लागि उपचार गर्न नसक्ने भएको व्यहोरा वडा समितिको निर्णयको प्रतिलिपी सहित अध्यक्षबाट प्रमाणित भई आएमा र उक्त सिफारिसको साथमा कडा रोग लागेको प्रमाणित गर्ने कागजात संलग्न भएमा प्रति परिवार बढीमा रकम रु.२०,०००।-(अक्षरुपी वीस हजार मात्र) उपलब्ध गराई ने छ ।

२) कुनै पनि व्यक्ति वा परिवार अशक्त वा असहाय भई आम्दानी गर्ने नसक्ने भएकोमा निजको वा निजको परिवारको कुनै सदस्यको मृत्य ू भई लास उठाउन वा काज किरिया गर्न नसक्ने अवस्था भएको व्यहोरा वडा समितिको निर्णयको प्रतिलिपी सहित अध्यक्षबाट प्रमाणित भई आएमा प्रति परिवार बढीमा रकम रु.१०,०००।-( अक्षरुपी दश हजार मात्र) उपलब्ध गराई ने छ ।

**४. दैवी प्रकोप पिडीतलाई उपलब्ध गराउने आर्थिक सहयाता**

१) कुनै पनि व्यक्ति वा परिवार दैवीप्रकोपमा (जस्तैःआगालागी, बाढीपहिरो, चट्याङ, महामारी, हावाहुरी) परी मृत्यू भई सो व्यहोराको निवेदन, सर्जमिन मुचुल्का सहितको प्रहरी प्रतिवेदन, वडा समितिको निर्णयको प्रतिलिपी र वडा कार्यालयको सिफारिस सहितका कागजात संलग्न गरी त्यस्ता व्यक्ति वा परिवारका सबैभन्दा नजिकका हकवालाबाट आर्थिक सहायता माग भई आएमा प्रति परिवार रु १० हजारका दरले आर्थिक सहायत उपलव्ध गराइने छ ।

२) कुनै पनि व्यक्ति वा परिवारको घर दैवीप्रकोपमा (जस्तैः आगालागी, बाढीपहिरो, चट्याङ, महामारी, हावाहुरी) परी नष्ट वा नोक्सान भई सो व्यहोराको निवेदन, सर्जमिन मुचुल्का सहितको प्रहरी प्रतिवेदन, वडा समितिको निर्णयको प्रतिलिपी र वडा कार्यालयको सिफारिस सहितका कागजात संलग्न गरी त्यस्ता व्यक्ति वा परिवारका सदस्यहरुले प्रचलित कानून बमोजिम आर्थिक सहायता माग गरेमा यदि घर आगजनीको भए सम्बन्धित घर धनीलाई रु ५० हजार र घरमा बस्ने मान्छेहरुलाई प्रति परिवार रु १० हजारका दरले आर्थिक सहायता रकम उपलब्ध गराईनेछ भने अन्य दैवीप्रकोप ( बाढिपहिरो, चट्याङ्ग, महामारी, हावाहुरी ) भएमा प्रति परिवार रु १० हजारका दरले आर्थिक सहायता उपलव्ध गराइने छ ।

**५. अन्य कार्यक्रम सम्बन्धी आर्थिक सहायता**

क) कुनै पनि सभा, सम्मेलन, अधिवेशन जस्ता कार्यक्रमका लागि आर्थिक सहायता माग भई आएमा रकम रु.प्रकृति हेरी ५०००। देखि १००००।

ख) नगर सभाको सदस्यहरुको दुर्घटना सम्बन्धमा ...........

ग) नगर वासीहरुलाई कडा रोग लागेमा निजामती सेवा नियमावली ( संशोधन सहित ) मा भएको व्यवस्थामा आवश्यक देखाइएको कागजात पेश गरेमा ................

घ) नगरपालिकाको कर्मचारी सरकारी कामकाजको सिलसिलामा दुर्घटना हुँदा ...............

ङ) घर नष्ट भएमा ...........................................

च) चौपाया दुर्घटनामा .......................................

उल्लेखित कार्यक्रमहरुमा आर्थिक सहायता उपलव्ध गराउँदा

१.यदि बिमा भएमा .......

२.यदि बिमा नभएमा .........................

## ६.समितिको व्यवस्था

१.माथि दफा ३, ४ र ५ को अवस्थाबाट आर्थिक सहायता उपलव्ध गराउन देहाय बमोजिमको आर्थिक सहायता समिति गठन गरिने छ ।

क) नगर प्रमुख - संयोजक

ख) कार्यपालिकाको आर्थिक समितिको संयोजक - सदस्य

गं) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) विपद् शाखाको प्रमुख - सदस्य

ङ) आर्थिक प्रशासन शाखाको प्रमुख - सदस्य सचिव

२.समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

३.समितिको काम कर्तव्य र अधिकार

क) आर्थिक सहायताको लागि प्राप्त निवेदन, प्रहरी प्रतिवेदन, सर्जमिन मुचुल्का र सम्बन्धित वडाको सिफारिसको आधारमा रकम भुक्तानिको लागि सिफारिस गर्ने

ख) कामको प्रकृति हेरी रु १० हजारदेखि ५० हजारसम्मको आर्थिक सहायताको लागि कार्यालय प्रमुखलाई अधिकार दिने र सो भन्दा माथिको रकम भए आवश्यक निर्णय गरी भुक्तनिका लागि सिफारिस गर्ने ।

## ७. आर्थिक सहायता उपलब्ध नगराईने

१) यस मापदण्डमा उल्लेख भए देखि बाहेक कुनै पनि आर्थिक सहायता उपलब्ध गराईने छैन ।

आज्ञाले
तिर्थराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत